# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. ३३-२०८२/८३

*"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"*

## सहायक कम्प्युटर अपरेटर करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/१०/०२)

प्रस्तुत विषयमा यस सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा सहायक कम्प्युटर अपरेटर पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको विवरण सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन | पदः | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०६-२०८२/०८३ | सहायक कम्प्युटर अपरेटर | स्थानीय सेवा चौथो तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा SLC/SEE तह वा सो सरह उतीर्ण गरेको, वा माथिल्लो योग्यता विषय लिई अध्ययन गरेको।
   (ख) उमेरः- पुरुषको हकमा कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
   (ग) कम्तीमा तीन महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको ।

२. दरखास्त दिने स्थानः सुनकोशी गाउँपालिकाको कार्यालय, मुलखर्क, ओखलढुङ्गा।

३. दरखास्त दिने अन्तिम मितिः २०८२/१०/१६ (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनकि बिदा परेमा सोको भोलिपल्ट सम्म वा कार्यालय खुलेको दिन)

४. आवेदन दस्तुरः- रु. ७००।०० (सात सय रुपैंया मात्र।)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. परीक्षा मितिः पछि प्रकाशित गरिनेछ।

७. आवेदन साथ संलग्न कागजातहरूः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू (नेपाली नागरिकता प्रतिलिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, राजस्व तिरेको रसिद र ३ प्रति पासपोर्ट आकारको फोटो।)

८. सेवा सुविधा सुनकोशी गाउँपाललिकाले तोके अनुसार हुनेछ।

९. सम्पादन गर्नुपर्ने कार्य विवरणः- सुनकोशी गाउँपालिकाको नियमानुसार सम्पादन गर्नुपर्नेछ।

...................................

(लोकेन्द्र बहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत